267

राष्ट्रिय सूचना आयोग २०६४

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३२६/२०७१/०७२

बारा जिल्ला हरैया गा.वि.स वडा नं. १ बस्ने सन्तोष पाण्डे ........................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला शिक्षा कार्यालय, बारा ..........................................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला शिक्षा कार्यालय, बारा ..........................................................१

विषय :- सूचना उपलब्ध गराउने सम्बन्धमा ।

बारा जिल्ला हरैया गा.वि.स वडा नं. १ बस्ने सन्तोष पाण्डेले जिल्ला शिक्षा कार्यालय, बारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।१७ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला शिक्षा कार्यालय, बाराका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

### तपसिल

१. जिल्ला शिक्षा कार्यालय, बाराले आ.व. २०७०।०७१ का लागि जिल्ला भरीका कुन कुन विद्यालयहरुलाई के कति रकम छात्रवृत्ति वितरण गर्नका लागि निकासा गराएको थियो ? उक्त विद्यालयहरुको नाम, ठेगाना र निकासा पठाएको रकम सहितको प्रमाणित प्रतिलिपि ।

२. उक्त आ.व.मा छात्रवृत्ति वितरण गर्न प्राप्त रकमबाट कुन कुन विद्यालयहरुले कति कति रकम छात्रवृति वितरण गरेका छन् ? ती विद्यालयहरुको नाम, ठेगाना र विद्यालयले वितरण गरेको रकम सहितको विवरणको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।